आज मिति २०७५।०८।१८ गतेका दिन यस चौदण्डीगढी न.पा. नगर प्रमुख श्री खगेन्द्र राई ज्यूको अध्यक्षतामा नगर बोर्डको बैठक तपसिलको उपस्थितिमा बसीयो ।

तपसिल उपस्थिति

१. श्री खगेन्द्र राई - नगर प्रमुख
२. श्री रिता कुमारी चौधरी - उप-प्रमुख
३. श्री रोहितमान तामाङ - अध्यक्ष वडा नं १
४. श्री सन्तोष सुवेदी - ,, २
५. श्री परशुराम राई - ,, ३
६. श्री चरण कुमार राई - ,, ४
७. श्री देव नारायण चौधरी - ,, ५
८. श्री कमलध्वज राई ,, ६
९. श्री तेजराज तिम्सिना ,, ७
१०. श्री श्याम बहादुर मगर ,, ८
११. श्री प्रकाश राउत ,, ९
१२. श्री राम कुमार खड्का ,, १०
१३. श्री देवि कार्की - न.का.स.
१४. श्री जानुका कुमर - ,,
१५. श्री मदन कुमारी कार्की - ,,
१६. श्री विमला राई - ,,
१७. श्री डोमा शेर्पा - ,,
१८. श्री अस्मिता नेपाली - ,,
१९. श्री प्रमिला दनुवार - ,,
२०. श्री सुन्दर प्रकाश शाह - ,,
२१. श्री शिव प्रसाद हुमेगाई - प्रमुख प्रशासकीय अधिकृत

प्रस्तावहरु

१. अपाङ्गता परिचय पत्र सम्बन्धमा ।
२. समायोजन पत्र दिने सम्बन्धमा ।
३. आँखा शिविर खर्च सम्बन्धमा ।
४. आर्थिक सहयोग सम्बन्धमा ।
५. स्वास्थ्य तर्फको बजेट सम्बन्धमा ।

Scanned by CamScanner

६, नदिजन्य पदार्थ उत्खनन ठेगालुको पारिश्रमिक सम्बन्धमा ।
६, वडा नं.४ सम्झिर बिष्ट र वडा नं.१० होम बो° राउतको माग बारे।
८, जनसहभागिता रकम सम्बन्धमा ।

हलफल तथा निर्णयहरु

नि.नं.१ प्रस्ताव नं.१ माथि छलफल गर्दा यस नगर क्षेत्रका अपाङ्गता भएको व्यक्तिहरुलाई परिचय वितरण गर्ने कार्यको लागि स्वीकृत कार्यविधि बमोजिम वडाको सिफारिस सहित निवेदन पेश भएका व्यक्तिहरुको वर्ग – प्रमाणिकरण सहित परिचय पत्र वितरणको लागि तपसिल अनुसार मिति तय गरी परिचय पत्र वितरण गर्ने निर्णय गरियो ।

तपसिल

१. मिति २०७५।०६।०२ गते वडा नं. १ र ८
२, मिति २०७५।०६।०३ गते वडा नं. ३ र ४
३, मिति २०७५।०६।०४ गते वडा नं. २ र ७
४, मिति २०७५।०६।०५ गते वडा नं. ५ र ६
५, मिति २०७५।०६।०६ गते वडा नं. ९ र १०

नोट:- परिचयपत्र वितरण न.पा.को सि.टि हलबाट गर्ने निर्णय गरियो ।

नि.नं.२ प्रस्ताव नं.२ माथि छलफल गर्दा ⟶

कर्मचारी समायोजन अध्यादेश, २०७५ को दफा ६(४) अनुसार साविकको स्थानिय निकायबाट नियुक्ती पाई स्थानिय सरकार सञ्चालन ऐन, २०७४ वमोजिम समायोजन भएका कर्मचारीहरुलाई सम्बन्धित स्थानिय निकायले यो अध्यादेश प्रारम्भ भएको मितिले दस(१०) दिनभित्र समायोजन भएको पत्र दिई सो को जानकारी मन्त्रालयलाई दिने भनि व्यवस्था भएको र सो व्यवस्था अनुसार संघिय मामीला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. २५, मिति २०७५/०८/२४ को प्राप्त पत्रमा समेत सो व्यहोरा उल्लेख भई आएको हुँदा यस चौदण्डीगढी नगरपालीकाको कार्यालयमा कार्यरत देहायका कर्मचारीहरु साविक स्थानिय निकायमा स्थायी नियुक्ती पाई कार्यरत रहेका हुँदा यस कार्यालयमा समायोजन गर्ने निर्णय गरीयो ।

क्रमश:

Scanned by CamScanner

| क्र.स. | कर्मचारीको नाम, थर | पद | सेवाको प्रकृती | श्रेणी तह | सेवा समूह | हालको पदमा स्थाइ नियुक्ती मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| **१ नं. वडा कार्यालय** | | | | | | | |
| १ | श्री जग बहादुर भुजेल | प्राविधिक सहायक | स्थानिय स्थायी | रा प अन द्वितीय | | २०६४।०५।०५ | |
| **२ नं. नडा कार्यालय** | | | | | | | |
| २ | श्री नैन बहादुर खड्का | सामाजिक परिचालक | स्थानिय स्थायी | रा प अन द्वितीय | | २०६४।०९।०१ | |
| **३ नं. वडा कार्यालय** | | | | | | | |
| ३ | श्री जगदेव चौधरी | प्राविधिक सहायक | स्थानिय स्थायी | रा प अन द्वितीय | | | |
| **४ नं. वडा कार्यालय** | | | | | | | |
| ४ | श्री हिरा कुमार सापकोटा | प्राविधिक सहायक | स्थानिय स्थायी | रा प अन द्वितीय | | २०५६।०६।०१ | |
| **५ नं. वडा कार्यालय** | | | | | | | |
| ५ | श्री भिखन चौधरी | मुखीया | स्थानिय स्थायी | तृत्तीय | प्र सा प्र | २०६४।०९।०१ | |
| **६ नं. वडा कार्यालय** | | | | | | | |
| ६ | श्री डम्बर बहादुर राई | प्राविधिक सहायक | स्थानिय स्थायी | रा प अन द्वितीय | | | |
| **८ नं. वडा कार्यालय** | | | | | | | |
| ७ | श्री नरबहादुर राई | मुखीया | स्थानिय स्थायी | तृतीय | प्र सा प्र | २०६४।०५।०६ | |
| **१० नं. वडा कार्यालय** | | | | | | | |
| ८ | श्री पुष्पराज सापकोटा | खरिदार | स्थानिय स्थायी | रा प अन द्वितीय | प्र सा प्र | २०६४।०९।०१ | |

<u>नि. नं. ३</u> प्रस्ताव नं. ३ माथि छलफल गर्दा नगर बोर्डको निर्णय बमोजिम तिलगंगा आँखा प्रतिष्ठानको प्राविधिक सहयोगमा प्य न.पा. को प्राथमिक स्वास्थ्य केन्द्र बेल्टारमा मिति २०७२।०३ गते देखी ६ गते सम्म संचालित आँखा शीविरमा भएको जम्मा खर्च रकम रु. २,३८,०००।- अनुमोदन सहित भुक्तानी दिने निर्णय गरियो। साथै उक्त रकम स्वास्थ्य तर्फ निशुल्क स्वास्थ्य शिविर शीर्षकमा विनियोजित रकम बाट भुक्तानी दिने निर्णय गरियो। स्वास्थ्य प्रा.स्वा.के. को एक्सरे मेशिनको लागि आवश्यक सामान खरिद गर्ने निर्णय गरियो।

<u>नि. नं. ४</u> प्रस्ताव नं. ४ माथि छलफल गर्दा वडा १० बस्ने टिका राम दाहालको घर मिति २०७२।८।१६ गते राती जंगली हात्तिले क्षति पुर्‍याई रु. १०००००।- को हानी गरेको भन्ने प्रहरी सर्जमिन सहित वडा कार्यालयको सिफारिस सहित आर्थिक

Scanned by CamScanner

सहयोग माग भएकोले निजलाई राहत स्वरुप रु.२०,०००।- बीस हजार आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

<u>नि.नं.५</u> प्रस्ताव नं. ५ माथि छलफल गर्दा नगर सभा बाट स्वास्थ्य तर्फ एकमुष्ठ विनियोजित रकम रु.६० लाख निम्नानुसारका शीर्षकमा बाँडफाँड गर्ने निर्णय गरियो ।

<u>तपसिल</u>

| | नगरपालिकाको बित्तिय समानिकरण तर्फबाट | बजेट हजारमा | कैफियत |
|---|---|---|---|
| १ | निशुल्क स्वास्थ्य शिबिर | ७०० | |
| २ | प्राथमिक स्वास्थ्य केन्द्र बेल्टारको मर्मत तथा भौतिक पुर्बधार सुधार | ७१५ | |
| ३ | स्वास्थ्यकर्मीहरुलाई बिबिध तालिम | ५०० | |
| ४ | स्वास्थ्य संस्थाहरुमा फर्निचर तथा भौतिक पुर्बधार सुधार | ५०० | |
| ५ | म.स्वा.से. तालिम तथा मासिक बैठकमा यातायात खर्च र अन्य | ७०० | |
| ६ | औषधि खरिद | १००० | |
| ७ | आपतकालिन कोष | ३०० | |
| ८ | बिभिन्न दिबस मनाउने तथा स्वास्थ्यकर्मी प्रोत्साहन पुरस्कार | ३०० | |
| ९ | स्वास्थ्य संस्थाहरुमा पानी बिजुली महसुल | २०० | |
| १० | स्वास्थ्य संस्थाहरुमा कार्यालय सामान | २०० | |
| ११ | किटजन्य रोगका लागि किटनाशक औषधि छर्ने | २०० | |
| १२ | बिपन्न बर्गका बिरामी प्रेषण खर्च | १०० | |
| १३ | स्वास्थ्य संस्था प्रमुखहरुको मासिक बैठक | १८५ | |
| १४ | गर्भवती महिलाहरुका लागि भिडियो एक्स रे सेवा अनुदान | २०० | |
| १५ | बिद्यालयमा किशोरीहरुलाई सेनिटरी प्याड बितरण | २०० | |
| | जम्मा | ६००० | |

<u>नि.नं.६</u> प्रस्ताव नं. ६ माथि छलफल गर्दा राष्ट्रिय गौरवको योजना अन्तर्गत यस नं.पा. भएर जाने धरान, चतरा, गाईघाट, सिन्धुली सडक निर्माण कम्पनी शर्मा एण्ड लामा जे.भी. लाई स-शुल्क रुपमा यस नगर क्षेत्रको IEE भएका स्थानबाट दिइएको खानीजन्य पदार्थ उत्खननको निगरानीको लागि वडा नं. ३ बस्ने विजय कुमार राई लाई खटाइएको र उक्त कम्पनीले

Scanned by CamScanner

१० हजार घन मिटर गिट्टी संकलन गरेको प्रतिवेदन सहित वडाको सिफारिस प्राप्त भएकोले उक्त परिमाणको हुन आउने राजस्वको १० % पारिश्रमिक ~~स्वरुप रकम~~ रकमलाई निजलाई उपलब्ध गराउने निर्णय गरियो। उक्त रकम खानिजन्य पदार्थ लई संकलित राजस्व रकम बाट नै भुक्तानी दिने निर्णय गरियो।

<u>नि.नं. ६</u> प्रस्ताव नं. ६ माथि छलफल गर्दा वडा नं. ४ बस्ने सागर बिष्ट र वडा नं. १० बस्ने होम बहादुर राउतको आर्थिक सहयोग माग भएको हुँदा निजहरुको थप कागजात माग गरि आवश्यक निर्णयार्थ आगामी बैठकमा पेश गर्ने निर्णय गरियो।

<u>नि.नं. ८</u> प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस न.पा. तथा वडा हरुद्वारा संचालन हुने सम्पूर्ण योजनाहरु उपभोक्ता समिति मार्फत संचालन भएमा अनिवार्य रूपमा १०% लागत सहभागिता लागु गर्ने निर्णय गरियो।

Scanned by CamScanner